सम्मानित गाउँसभाका अध्यक्ष महोदय,

प्रमुख अतिथिज्यू,

विशेष अतिथिज्यू,

जिल्ला स्थित राजनीतिक दलका प्रमुखज्यूहरु,

उपस्थित वडा अध्यक्ष एवम् कार्यपालिका सदस्यज्यूहरु,

गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,

स्थानीय स्तरका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

पूर्व गाविसका अध्यक्ष ,उपाध्यक्षज्यूहरु

समाजसेवी,बुद्धिजीवी महानुभावहरु

वि.व्य.स.अध्यक्ष ,सदस्यज्यूहरु एवं शिक्षक अभिभावक संघका पदाधिकारीज्यूहरु

राष्टसेवक कर्मचारीहरु

विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिज्युहरु

विभिन्न विद्यालयका प्र.अ.ज्यूहरु तथा शिक्षक प्रतिनिधिज्यूहरु

पत्रकार मित्रहरु ,

संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

महिला सञ्जालका प्रमुख तथा प्रतिनिधिज्यू

दलित नेटवर्क प्रमुख तथा प्रतिनिधिज्यू

जनजाति महासंघका  प्रमुख प्रतिनिधिज्यू

बाल संजालका प्रमुख तथा प्रतिनिधिज्यू

अपाङ्ग, अल्प संख्यकका प्रमुख तथा  प्रतिनिधिज्यूहरु

सुरक्षाकर्मीज्यूहरु

सदियौं देखी नेपालि जनताको चाहना अनुरुप आफ्ना प्रतिनिधीहरु मार्फत आफ्नो संविधान आफैं लेख्ने कार्य २०७२ साल अशोज ३ गते सम्पन्न भएको छ । सो सविंधान हाल कार्यान्वयनमा रहेको छ । दर्जनौं पटक नेपालि जनताले शसस्त्र निशस्त्र रुपमा आन्दोलन र क्रान्ती गरेका छन, तर जनताको मुलभुत उद्येश्य पुरा हुन सकेको थिएन । पछिल्लो पटक भएको महान जनयुद्ध र त्यसैको जगमा भएको ऐतिहासिक जनआन्दोलन मार्फत देशमा संघियता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशि, समानुपातिक मुद्दाहरु संस्थागत भएका छन । आज देशमा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई कार्यान्वयन चरणमा छ । संघियता कार्यान्वयनकै क्रममा गाउँगाउँमा सिंहदरवार घरघरमा अधिकार को प्रत्याभुती दिनेगरि स्थानिय तहको निर्वाचन २०७४ साल असार १४ गते सम्पन्न भएको छ । त्यसबाट निर्वाचित जनप्रतिनिधीहरुको तर्फबाट सम्मानित सभासमक्ष म आ.व.२०७४/७५ को निती, कार्यक्रम तथा बजेट पेश गर्न गैरहेको छु ।

सर्वप्रथम म अग्रगामी परिवर्तनका निमित्त वलिदान गर्नुहुने बाकाविर राणाविरोधी आन्दोलन, २००७ साल देखी २०१७ सालसम्म भएका भिमदत्त पन्त लगायतले गरेको आन्दोलन, पञ्चायत विरोधी आन्दोलन, जनयुद्ध, जनआन्दोलन, मधेष आन्दोलन र हरेक न्याय, समानता, राष्ट्रियता, जनतन्त्र र जनजिविकाका पक्षमा भएका जायज आन्दोलनको क्रममा भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रती हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै माथि उल्लेखित आन्दोलनका क्रममा भएका बेपत्ता योद्धाजनलाई सम्मान ब्यक्त गर्न चाहन्छु । सम्पुर्ण घाईते तथा जेलबन्दि योद्धाहरुलाई स्मरण गर्न चाहन्छु । साथै तिनका आश्रित परिवारजनमा हार्दिक सम्मान ब्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान कार्यान्वयनका क्रममा २०७४/०३/१४ गते सम्पन्न भएको स्थानिय तह निर्वाचन अन्तरगत यस गाउँपालिकामा भएको निर्वाचनलाई सफल पार्नुहुने सम्पुर्ण मतदाता, राजनैतिक दल, उम्मेदवारहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी, सुरक्षाकर्मी, संचारकर्मी लगायत सबै प्रती हार्दिक आभार ब्यक्त गर्दछु ।

२०५९ सालमा विघटन भएको स्थानिय निकायलाई जेनतेन यहाँसम्म ल्याई पुऱ्याउने राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल लाई समेत विशेष धन्यवाद ब्यक्त गर्दछु ।

नेपाल सरकारबाट जारी स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७४, नेपाल सरकारबाट विभिन्न मितीमा जारी गरिएका निती, निर्देशन, मार्गदर्शन, यस अजयमेरु गा.पा.बाट जारी भएका विभिन्न नियमावली, आचारसंहिता कार्यविधीको परिधिभित्र रही राजश्व परामर्श समिती, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती को बैठक को निर्णय, गाउँकार्यपालिकाका विभिन्न मितीमा भएका निर्णय र गाउँपालिकाका अध्यक्ष ज्युको निर्देशन र मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान-२०७२, प्रचलित ऐनकानुनको अनुसरण गर्दै वस्तीस्तरबाट छनौट भै आई वार्ड कार्यालय मार्फत प्राथमिकिकरण गरेर ल्याईएका योजनाहरुलाई समेत मध्यनजर गर्दै यस अजयमेरु गा.पा.को आ.व.२०७४/७५ को निती, कार्यक्रम तथा वजेट निर्माण गरिएको छ ।

## <u>अजमेरु गाउँपालिकाको संक्षिप्त परिचय</u>

नेपालको संविधान २०७२ को धारा ९५ को उपधारा ३ बमोजिम कायम भएका स्थानिय तह गठन गरिएका ७४४ स्थानिय तहमध्ये डडेल्धुरा जिल्लामा रहेका साविकका ५ वटा गा.वि.स.हरु देवलदिब्यपुर, चिपुर, भद्रपुर, अजयमेरु र समैजी समेटेर अजयमेरु गाउँपालिकाको स्थापना गरिएको छ । यस गाउँपालिकाको पूर्वमा अमरगढी न.पा., पश्चिममा बैतडी जिल्लाको मेलौली न.पा., उत्तरमा बैतडी जिल्लाका पाटन न.पा., दक्षिणमा अमरगढी न.पा. र भागेश्वर गा.पा., रहन गएका छन । साविकको भद्रपुर गा.वि.स. को केन्द्रमा नै गाउँपालिका केन्द्र रहन गएको छ । यस गाउँपालिकाको क्षेत्रफल १४८.९ वर्ग कि.मी. रहेको छ । यहाँको जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार १७,०६६ रहेको छ । जसमा महिलाको संख्या ९१७२ र पुरुषको संख्या ७८९४ रहेको छ । यस गाउँपालिकामा .........वटा वस्तीहरु तथा

घरधुरी ३३११ रहेको छ । यस गाउापालिकाको पुरुष साक्षरता दर ८१.२०%, महिला साक्षरता दर ५२.५८% रहेको छ भने कुल साक्षरता दर ६५.५८% रहेको छ । यस गा.पा.भित्र मुलभुत रुपमा क्षेत्री, दलित र ब्राह्मण जातीको बाहुल्यता रहेपनि ठकुरी र अल्पसंख्यक वादी समुदाय को पनि बसोवास रहेको छ । यस गा.पा.भित्र अधिकांस हिन्दुहरु वसोवास गरेतापनि छिटफुट रुपमा ईसाई धर्मावलम्वी समेत बसोवास गर्दछन । यस गा.पा.का अधिकांश वासिन्दाहरु डोटेली भाषा बोल्नेहरु भएपनि यहाँ नेपाली भाषा समेत बोलिने गर्दछ । यस गा.पा. भित्र धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक रुपमा अजयमेरु कोट, देवल, जगन्नाथ मन्दिर, डागेश्वरी मन्दिर, गंगेश्वर मन्दिर, दुर्गाभगवती, विरबेताल, कोला समैजी रहेका छन ।

प्राकृतिक श्रोत साधनको रुपमा केही स्लेट खानी, फलामखानी, बनजङ्गल, ठूलीगाड, सोर्नाया गाड रहेका छन । ऐतिहासिक डोटी राज्यको राजधानीको रुपमा रहेको अजयमेरु कोट (जुन यसै गा.पा.को वार्ड नं.२ मा रहेको छ) को नामबाट यस गाउँपालिकाको नाम रहन गएको हो ।

## ***अजयमेरु गा.पा.का सबल पक्षहरु***

- अजयमेरु कोट र देवललाई ऐतिहासिक पर्यटकिय स्थल को रुपमा विकास गरि आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउन सकिने ।
- जगन्नाथ, डागेश्वरी, गंगेश्वर, दुर्गाभगवती, चोरा, बेताल र कोला समैजीलाई धार्मिक पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- यस गा.पा. भित्रका ठूला तथा मझौला खोलाको पानीलाई आधुनिक प्रविधी मार्फत सिँचाई गरि ब्यावसायिक तथा आधुनिक कृषी मार्फत कृषीमा आत्मनिर्भर तथा निर्यात गर्न सकिने ।
- पशुपालनलाई ब्यावसायिक र बैज्ञानिक प्रविधी अवलम्वन गरि कृषी पर्यटक क्षेत्र बनाउन सकिने ।
- हिउँदे तथा बर्षे फलफूल र मसलावालीको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- नाङ्गा डाँडाहरुमा आयआर्जन हुने खालका विरुवाहरु बृक्षारोपण गरि रोजगारी सृजना र आयस्तर बृद्धी गर्न सकिने ।
- उग्रतारा-मेलौली सडकलाई बहुद्येशिय पञ्चेश्वर विद्युत आयोजनाको पहुँच मार्गको रुपमा विकास गर्न सकिने ।

## ***अजयमेरु गा.पा.का कमजोर पक्षहरु***

- जलवायु परिवर्तनका कारण पानी मुहानहरु संरक्षण नभई रिचार्ज नहुँदा खानेपानी ब्यवस्थापन ।
- गा.पा.को अधिकांश वस्तीमा सडक पहुँच भएपनि खोलामा पुल नहुनु, धुले सडक हुनु, मापदण्ड बमोजिम सडक नभएकाले १२ महिना चल्ने सडक नहुनु ।
- कृषक उत्पादित वस्तुको उचित बजार ब्यवस्थापन र भण्डारण नहुनु ।
- उच्च शिक्षा र प्राविधिक शिक्षाको अध्ययन गर्ने शिक्षण संस्थाको अभाव हुनु ।
- परम्परागत कृषी तथा पशुपालन पद्धती ।
- स्वरोजगारका अवसर नहुनु ।
- बाह्य लगानी शुन्य हुनु ।
- नाङ्गो डाँडाकाडा ।
- भौगोलिक विकटता ।
- अस्पताल र एम्बुलेन्स नहुनु ।
- समयमा बर्षा नहुनु ।

## अवसर

- बैतडी जिल्लाको मेलौली न.पा.संग सहकार्य गरि सोरनाया खोला र भागेश्वर गा.पा.संग सहकार्य गरेर ठुलिगाढमा विद्युत उत्पादन गर्न सकिने ।
- ब्यावसायिक पशुपालन र कृषी पकेट क्षेत्र बनाउन सकिने ।
- पर्यटन विकास मार्फत आन्तरिक आय बृद्धी गर्न सकिने ।
- काष्ठजन्य उद्योग स्थापनाका लागी प्रचुर कच्चा पदार्थ हुनु ।
- बर्षे तथा हिउँदे फलफुल र मसलाबाली उत्पादनका लागी उपयुक्त वातावरण हुनु ।
- अधिकांश वस्तीमा सडकको ट्र्याक खुल्नु ।
- अधिकांश बस्तीमा विद्युतिकरण हुनु ।

## चुनौती

- सकारात्मक सोचको अभाव सबै क्षेत्रमा ।
- जनताहरुको परम्परागत सोच ।
- सार्वजनिक निर्माणमा गुणस्तर मापन ।
- परम्परागत सामाजिक कुरिती, कुसंस्कार, घरेलु हिंसा ।
- जनश्रमदान, जनसहभागीताको अभाव ।
- जनशक्ति पलायन रोजगारीका निमीत्त ।
- जङ्गली जीवजन्तुद्वारा खेतीमा हुने हानी ।
- विकासका लागी योजना भन्दा पनि आयोजनाका लागी योजना माग गर्ने सोच ।

## *आगामी आ.व.०७४/७५ को लागी निती, कार्यक्रम तथा वजेट*

सम्मानित अध्यक्ष महोदय,

तथा सम्मानित सभाका सदस्यज्यूहरु ।

**"कृषी, शिक्षा, स्वास्थ्य, पर्यटन र भौतिक पुर्वाधार ।
जनमुखी प्रशासन समृद्ध अजयमेरु को मुल आधार"**

भन्ने मुल नाराका साथ म अब आ.व.०७४/७५ को यस अजयमेरु गा.पा.को निती, कार्यक्रम तथा बजेट यहाँहरु समक्ष पेश गर्न गैरहेको छु ।

### *(क) आर्थिक क्षेत्र :*

### कृषी :

यस गा.पा.को प्रमुख पेशाको रुपमा कृषीको ब्यावसायिकरण, बैज्ञानिकरण, विविधिकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार हुन नसक्ने कुरालाई वोध गर्दै कृषी प्रणालीलाई आधुनिकिकरण, भुगोल सापेक्ष, वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक बृद्धीको दिगो आधार तयार गर्ने निती लिईएको छ ।

- नाङ्गा डाँडा तथा घरबगैंचामा फलफुल बगैंचा स्थापना, कृषक तालिम, कृषी मेला प्रदर्शनी, कृषक अवलोकन भ्रमण, उन्नत र परम्परागत विउ वितरण, उन्नत जातको राँगा, बोका र बहर वितरण, साना सिँचाई तथा

प्लाष्टिक पोखरी, भकारो सुधार, तरकारी नर्सरी, च्याउँ उत्पादन, फलफुल कलमी मार्फत उन्नत विरुवा उत्पादन, घाँस खेती प्रवर्द्धन, सहकारी र समुह मार्फत बाखा तथा कुखुरा पालन ब्यवसाय, निजी कृषी तथा पशुपालन फर्म विकास, कृषक उद्यमशिलता कार्यक्रम सञ्चलन गरिने छ ।

**उद्योग तथा वाणिज्य :**

यस गा.पा.भित्र साना तथा मझौला उद्योग स्थापना गर्न प्राथमिकता दिई युवाहरुलाई बजार सुहाउँदो सिप विकासका कार्यक्रम बनाईने छ ।

- खानीजन्य उद्योगको पहिचान र उत्खननका लागी सम्भाब्यता अध्ययन गर्ने निती अवलम्वन गरिने छ ।
- यस गा.पा. भित्र रहेका उद्योग र ब्यवसायलाई ब्यवस्थित गरि करको दायरामा ल्याईने छ ।

**पर्यटन तथा संस्कृती :**

यस गा.पा.भित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटकिय क्षेत्रको पहिचान गरि पर्यटन पुर्वाधारको निर्माण गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई भित्र्याउने नीति लिइने छ ।

- अजयमेरु देवल लगायतका स्थानको समग्र गुरु योजना निर्माण गर्ने कार्य सञ्चालन गरिने छ ।
- पर्यटन स्थल पहुँच मार्ग निर्माण तथा विस्तारमा जोड दिइने छ ।
- स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्बर्द्धनका लागि प्रचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।
- आगामी आ.व. देखि सञ्चालन हुने गरि होम स्टे को सम्भाव्यता अध्ययन गरिने छ ।
- आगामी आ.व. देखि गन्तव्य अजयमेरु सञ्चालनका लागि आधारभूत तयारी गरिने छ ।
- जनयुद्ध कालीन अवस्थाका निर्मित संरचनाको विकास गरिने छ ।
- स्थानिय मौलिक संस्कृति, भाषा, भेषभुषा, सभ्यता, संगीत, नृत्यको संरक्षण तथा सम्बर्द्धनका लागि कार्यक्रम सञ्चालन गरिने छ ।
- आगामी आ.व. बाट सञ्चालन गर्ने गरि स्थानीय मौलिक कला संस्कृतिको जगेर्ना गर्न संग्रहालय स्थापनाको आधारमूत तयारी गरिने छ ।

**सहकारी :**

- कृषि सहकारी गठन, पुर्नगठन, विस्तार गरि कृषिलाई सहकारीसँग जोड्ने नीति अवलम्बन गरिने छ ।
- सहकारी सुशासन तथा संस्थागत क्षमता अभिबृद्धिका व्यवस्थापन तथा लेखापालन तालीम सञ्चालन गरिने छ ।

**वित्तीय क्षेत्र :**

- यस गाउपालिका भित्र वित्तीय संस्था स्थापना गर्नका लागि आकर्षण गर्ने नीति अवलम्बन गरिने छ ।

- यसै आ.व. भित्र नेपाल राष्ट्र बैंकको "क" बर्गको मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा एउटा शाखा विस्तारका लागि आवश्यक समन्वय गरिने छ ।
- गाउपालिका भित्र वित्तीय क्षेत्रको लागि लगानी भित्र्याइने छ ।

**सामाजिक क्षेत्र**

**(क) शिक्षाः**

- शिक्षामा सवैको पहुँच पुऱ्याउदै प्राविधिक, व्यवसायिक र अँग्रजि माध्यमको पढाइ सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।
- वालविकास र सामुदायिक अध्ययन केन्द्रलाई समय सापेक्ष व्यवस्थित र परिमार्जित गर्ने गरि TOR बनाइने छ ।
- शिक्षा सुधारका लागि गाउँ शिक्षा नीति बनाइने छ ।
- प्राविधिक विद्यालयलाई प्रभावकारी ढंगले संचालन गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।
- आगामी शैक्षिक सत्र देखि प्राविधिक विद्यालय संचालन गर्न विद्यालयलाई विशेष अनुदान सहयोग गरिने छ ।
- आगामी शैक्षिक सत्र देखि यस गाउपालिका भित्रका सवै विद्यालयमा अँग्रेजि माध्यमबाट पठन पाठन शुरु गरिने छ ।
- विशेष कक्षा संचालन भएका विद्यालयलाई प्रभावकारी बनाइने छ ।
- भिन्न क्षमता भएका विद्यार्थीको तथ्याङ्क संकलन गरि अध्ययनका लागि प्रोत्साहन दिइने छ ।
- भौतिक रुपमा अति आवश्यक देखिएका विद्यालयको पहिचान गरि पुर्वाधार विकास कार्यक्रम गरिने छ ।
- विद्यालयहरुको नियमित अनुगमन तथा निरीक्षण गरिने छ ।
- विद्यालय क्षेत्र सुधार योजना अन्तरगत क्षमता अभिबृद्धि तथा गोष्ठि संचालन गरिने छ ।
- टुहुरा र जेहेन्दार विद्यार्थीलाई छात्रबृत्ती दिईनेछ ।

**(ख) स्वास्थ्य**

- स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि गर्दै प्रभावकारी रुपमा सवै जनताको स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।
- स्वास्थ्यको पहुँचबाट टाढा रहेका वस्तीहरुमा सामुदायिक स्वास्थ्य इकाइ गठन गरिने छ ।
- No More Home Delivery कार्यक्रम प्रभावकारी ढँगले अगाडी बढाइ ३ वर्ष भित्र गाउँ पालिका लाई नै No More Home Delivery घोषणा गरिनेछ ।
- सामान्य रोगको निदानका लागि जाँच परीक्षण गर्न सदरमुकाम जानुपर्ने वाध्यतालाई अन्त्य गर्दै यसै आ.व. देखि हाल सञ्चालनमा रहेका सवै स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहितको ल्याव सञ्चालन गरिने छ ।

**(ग) खानेपानी तथा सरसफाई :**

- खानेपानीमा सबैको सहज पहुँच पुऱ्याउँदै स्वच्छ खानेपानी पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।
- पूर्ण सरसफाई यूक्त गाउँपालिका घोषणा गर्ने कुराको आधार बनाउने नीति अवलम्बन गरिनेछ ।
- क्रमिक रुपमा एक घर एक धाराको नीति अवलम्बन गरिनेछ ।
- पानी मुहानहरु रिचार्ज गर्ने नीति अवलम्बन गरिनेछ ।
- पुराना नाउला, पौवा, धारा, मगराउ संरक्षण सम्बर्द्धनको नीति लिइनेछ ।
- फोहोरलाई जैविक मलको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- केन्द्र, प्रदेश, गाउँपालिकाको आफ्नै लगानी वा साझेदार संस्था मार्फत खानेपानी योजना निर्माण गरिनेछ ।
- साझेदार संस्था मार्फत पूर्ण सरसफाई गुरु योजना निर्माण गरिनेछ ।
- बजार व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउँदै फोहोर व्यवस्थापन कार्यक्रम ल्याइनेछ ।

**(घ) खेलकुद तथा मनोरञ्जन**

- दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुद विकासको नीति अवलम्बन गरिनेछ ।
- खेलकुद विकासका लागि राष्ट्रिय स्तरको बहुद्येशिय खेल मैदान निर्माण कार्य सुरुवात गरिनेछ ।
- गाउँपालिकाको आफ्नै योजना वा अन्य साझदार संस्था मार्फत गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।
- यस गाउँपालिका भित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुको सम्मान गर्दै, उनीहरुको अनुभवको भरपुर उपयोग गरिनेछ ।

**(ङ) लैङ्गिक समानता र समावेशीकरण**

- सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, सेवा सुविधा लगायतका सवै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति लिइनेछ ।
- एकल महिलासँग गाउँ सरकार कार्यक्रम मार्फत आय आर्जनका कार्यक्रम लागू गरिनेछ ।
- दलित तथा विपन्न समुदायका लागि सीप विकास सम्बन्धी कार्यक्रम ल्याइनेछ ।
- अपाङ्गता भएका, टुहुरा, लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्बोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलालाई संरक्षण कार्यक्रम लागू गरिनेछ ।
- बालश्रम, बालविवाह, छाउपडि प्रथा, जातीय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि कडा नीति अवलम्बन गर्दै अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम लागू गरिनेछ ।
- "ज्येष्ठ नागरिक संग जयराज कार्यक्रम" अन्तरगत ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम लागु गरिनेछ ।

**पूर्वाधार विकास**

**(क) स्थानीय सडक र पुल:**

- समग्र आर्थिक सामाजिक कृयाकलापहरु विस्तार गर्न गुणस्तरीय सडक निर्माणका लागि एक गाउँ एक सडक मार्फत सवै वडा सदरमुकाम र गाउँपालिका सदरमुकाम जोड्ने १२ महिना चल्ने सडक निर्माण गर्ने नीति लिइनेछ ।
- हरित सडक, पर्यटन सडक, वातावरणमैत्री सडक निर्माण गर्ने नीति लिइनेछ ।

- खोलिएका ट्र्याकहरुको ग्रेड सुधारी स्तरोन्नती, मोड सुधार र चौडाइ विस्तार गरिनेछ ।
- अधुरा सडकहरुलाई गन्तव्यमा पुऱ्याइनेछ ।
- साझेदार निकायहरुको खोजी गरि पूर्वाधारको क्षेत्रमा लगानी भित्र्याइनेछ ।
- निर्माणाधिन सडक पुलहरुलाई यसै आ.व. मा सम्पन्न गराइनेछ साथै अन्य मुख्यमुख्य खोलामा समेत पुल निर्माण प्रकृया अगाडी बढाइनेछ ।
- गाउँपालिका सदरमुकाम भित्र बसपार्क निर्माण गरिनेछ ।

**(ख) सिंचाई**

- साना तथा मझौला सिंचाईहरुको विस्तार र सुदृढ गर्ने नीति अवलम्बन गरिनेछ ।
- अवरुद्ध भएका साना तथा मझौला सिंचाईलाई सुचारु गराउँदै केही नयाा सिंचाई योजनाको शुरुवात गरिनेछ ।
- 
- आधुनिक(लिफ्ट तथा डिप) प्रविधि भित्र्याउन केन्द्र सरकार तथा साझेदार संस्थासँग पहल गरिनेछ ।

**(ग) भवन तथा सहकारी विकास**

- भवन निर्माण आचार संहिता -२०७२ अनुरुप गाउँपालिका स्तरीय आचार संहिता निर्माण गरि भवन निर्माण र शहर व्यवस्थापनको नीति ल्याइनेछ ।
- यस गाउँपालिका भित्र निर्माण हुने नयाँ भवनहरु घर नक्सा पास गरेर मात्र बनाउने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको भवन निर्माण यसै आ.व.बाट प्रारम्भ गरिनेछ ।

**(घ) उर्जा तथा लघु जलविद्युत**

- विद्युतीकरण शत प्रतिशत पऱ्याउनका लागि सम्बन्धित निकायसँग समन्वय गरि आवश्यक पहलकदमी लिइनेछ ।
- घरभित्रको धुँवामुक्त अभियानलाई प्रभावकारी बनाइनेछ ।

**(ङ) सञ्चार**

- नेपाल टेलिकमसँग समन्वय र सहकार्य गरि संचार सुविधाबाट वञ्चित भूभागमा पुऱ्याउने वातावरण बनाउनका लागि टावर विस्तार तथा क्षमता अभिबृद्धि गर्ने ADSL तथा ल्याण्डलाइन टेलिफोन सेवा विस्तारका लागि आवश्यक पहल लिइनेछ ।
- गाउँपालिकाका र सवै वार्ड कार्यालयमा इन्टरनेट सुविधा जडान गरिनेछ ।
- आगामी आ.व. देखि सवै शैक्षिक तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा जडानका लागि सर्वेक्षण गरिनेछ ।
- यस गाउँपालिकाको आफ्नै वेभसाइट, फेसवुक साइट निर्माण गरिनेछ ।
- नागरिकहरुलाई सूचनामा सहज पहुँच पुऱ्याउन एफ.एम. सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

**(च) वातावरण तथा विपद व्यवस्थापन**

- बनविनास र क्षयीकरण रोक्दै बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन विकास मार्फत प्राकृतिक श्रोतको व्यवस्थापनको नीति अवलम्बन गरिनेछ ।

- विपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।
- खोटो संकलनलाई व्यवस्थित गरिनेछ ।
- "अजयमेरु गाउँबासीको सान एक गाउँ एक उद्यान कार्यक्रम" मार्फत सवै नाङ्गा डाँडामा क्रमिक रुपमा बृक्षारोपण गरिनेछ ।
- निजी बन संरक्षण तथा निजी नर्सरी उत्पादक कृषकलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका भित्रका बजारहरुमा फोहोर मैला व्यवस्थापन गर्न डस्टविन वितरण गरि फोहोर मैला व्यवस्थापन गरिनेछ ।
- Sanitary Landfill Site को निर्माणका लागि पहल गरिनेछ ।
- प्रत्येक घरले कम्तीमा घर परिवारको सदस्य संख्या बराबर हिउँदे तथा बर्षे फलफुलको विरुवा अनिवार्य रोपण कार्यक्रम लागू गरिनेछ ।

**(छ) संस्थागत विकास तथा सेवा प्रवाह**

- व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत गरिनेछ ।
- जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीको क्षमता अभिबृद्धिका कार्यक्रम लागू गरिनेछ ।
- गाउँपालिका र सवै वार्डहरुमा क्षतिपूर्ती सहितको नागरिक वडापत्रलागू गरि आगामी आ.व.बाट डिजिटल नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ ।
- टोकन प्रणाली लागू गरिनेछ ।

**(ज) वित्तीय व्यवस्थापन र सुशासन**

- पारदर्शिता, जवाफदेहिता र सुशासनको लागि सूचनाको हक, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, प्रत्यक्ष भेटघाट, सूचना अधिकारी, गुनासो अधिकारी, गुनासो तथा सुझाव पेटिका जस्ता विधिहरु अवलम्बन गरिनेछ ।
- करको दर भन्दा दायरालाई बढाउन जोड दिइनेछ ।
- "जनतासंग सरकार" को नारा अन्तरगत महिनाको एकचोटी फरकफरक ठाउँमा घुम्ती शिविर आयोजना गरिने छ ।

**(झ) भुमी :**

- गा.पा.भित्रको बाँझो रहेको निजी तथा सार्वजनिक जग्गाको सदुपयोग गर्ने निती अवलम्बन गरिनेछ ।
- बढ्दो भूमी अतिक्रमण नियन्त्रण गर्ने निती अवलम्बन गरिनेछ ।
- गुठी जग्गा व्यवस्थापनका लागी आबश्यक पहल लिईनेछ ।

**विविध**

- यस गाउँपालिका भित्र कार्यक्रम रहेका गै.स.स.हरुलाई गाउँ सभाबाट कार्यक्रम स्वीकृत गराएर मात्रै सञ्चालन गराइनेछ ।
- गै.स.स.का कार्यक्रमहरुलाई नियमन तथा अनुगमनको दायरामा ल्याइनेछ ।

- उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत कार्यालय, वडा कार्यालयलाई पुरस्कृत गरि प्रोत्साहन गर्ने निती अवलम्वन गरिने छ ।
- सरकारी तथा गैह्रसरकारी तवरबाट यस गा.पा. भित्र संचालन हुने समान प्रकृतीका गतिविधीहरुलाई एकिकृत रुपमा लागु गरिनेछ ।
- वडाहरुमा टोल विकास संस्था  गठन मार्फत जनसहभागीता अभिबृद्धी गर्ने निति लिइने छ ।

अव म माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि आ.व. २०७४/०७५ को लागि यस अजयमेरु गाउँपालिकाका लागि अनुमानित आय व्यय र विनियोजित बजेट प्रस्तुत गर्दछु ।

यस आ.व. को अनुमानीत आय र व्यय देहायबमोजीम रहेको छ ।

| chod]? ufpFkflnsf | | | |
|---|---|---|---|
| आ.व. २०७४।०७५ वजेट | | | |
| | ljlgofJlht /sdsf] lzif{s | cf=j= 2074.075 sf] ah]^ l;lnङ | |
| cfo tkm{ | a}s df}Hbft | 6391333 | |
| | zzt{ cg'bfg | 117897000 | |
| | ;dfgLs/)f cg'bfg | 141898000 | |
| | cfGt/Ls cfDbfgL | 1500000 | |
| | s"n cfDbfgL | 267686333 | k\|lt;t |
| vr{ tkm{ | rfn' vr{ | 26042000 | 9.7 |
| | ufpFkflnsf :tl/o ofJhgf tyf sfo{s\|d | 93700000 | 35.0 |
| | j8f :t/Lo ofJhgf tyf sfo{s\|d | 30047333 | 11.2 |
| | zzt{ cg'bfg tkm{ | 117897000.00 | 44.0 |
| | s'n hDdf | 267686333.00 | 100 |
| | | | |

पुजिगत तर्फका योजना तथा कार्यकमहरुको विषयगत रुपमा देहायबमोजिमका निति तथा कार्यकमहरु रहेका छन :-

अजयमेरु

गाउँपालिका

**भद्रपुर डडेल्धुरा**

| | | गाउपालिका स्तरीय योजना तथा कार्यक्रम | लाखमा | | गा.पा. स्तर | वडास्तर | जम्मा | प्र |
|---|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास २२.९ प्रतिशत | कृषि विकास कार्यक्रम | ४८ | ४८००००० | | | | |
| २ | | पशू विकास कार्यक्रम | १२२ | १२२००००० | | | | |
| ३ | | समपूरक कोष | ४० | ४०००००० | | | | |
| २२४ | | एकलमहिला संग अजयमेरु सरकार कार्यक्रम | ३० | ३०००००० | | | | |
| ५ | | संस्कृती तथा पर्यटन प्रर्वधन | १० | १०००००० | | | | |
| ६ | | अजयमेरु कोट संरक्षण वडा नं २ | ५ | ५००००० | | | | |
| ७ | | देवल तथा पार्क वडा नं ५ | ५ | ५००००० | | | | |
| ८ | | सहिद स्तम्भ चिपूर संरक्षण वडा नं ५ | ५ | ५००००० | | | | |
| ९ | | सहकारी प्रवद्धन | ५ | ५००००० | | | | |
| १० | | युवा सिप विकास तालिम कार्यक्रम तालिम | ८ | ८००००० | २७८००००० | २८३८३००० | २८३८३००० | |
| ११ | सामाजिक विकास २२.२ प्रतिशत | महिला शशक्तिकरण समावेशीकरण, लक्षित वर्ग विशेष कार्यक्रम | २० | २०००००० | | | | |
| १२ | | सामूदायीक स्वास्थ्य इकाइ स्थापन २ वटा | ७ | ७००००० | | | | |
| १३ | | ५ वडामा ल्याव सचालन र जनशक्ति व्यवस्थापन | ११ | ११००००० | | | | |
| १४ | | खेलकूद प्रवद्धन | ७ | ७००००० | | | | |
| १५ | | जेष्ठ नागरीक संग जयराज कार्यक्रम | १३ | १३००००० | | | | |
| १६ | | घरघरमा सामाजिक सूरक्षा कार्यक्रम | ६ | ६००००० | | | | |
| १७ | | खेलमैदान निर्माण वडा नं ३ | १० | १०००००० | | | | |
| १८ | | बाल कल्याण छात्रावास निर्माण वडा नं १ | ५ | ५००००० | | | | |
| १९ | | प्राविधिक शिक्षा अनूदान | १० | १०००००० | | | | |
| २० | | अग्रेजी माध्यम पढाइ संचालन पूर्व तयारी | ३ | ३००००० | | | | |
| २१ | | स्थानीय पाठ्यक्रम तथा गाउ शिक्षा निति तयारी कार्यशाला | २।५ | २५०००० | | | | |
| २२ | | विद्यालय मर्मत तथा घेरवार | १२ | १२००००० | | | | |
| २३ | | छात्राबृद्धी तथा प्रोतसहान | १।५ | १५०००० | | | | |
| २४ | | विद्यालय स्तरीय खेलकूद कार्यक्रम | १ | १००००० | | | | |
| २५ | | गाउपालिका साक्षार घोषणा | ०।५ | ५०००० | | | | |
| २६ | | शिक्षक कम्प्यूटर तालिम | ४।५ | ४५०००० | | | | |
| २७ | | औषधी खरिद | ५ | ५००००० | | | | |
| २८ | | स्वास्थय प्रवद्धन | २२।५ | २२५००००० | १४१५०००० | २७४३३६६६ | २७४३३६६६ | |
| २९ | पूर्वाधार विकास ४६.७ प्रतिशत | मर्मत सम्भार कोष | ५ | ५००००० | | | | |
| ३० | | ढिमला भद्रपूर चिपूर सडक वडा नं ३ | ५० | ५०००००० | | | | |
| ३१ | | अजयमेरुकोट जगन्नाथ पर्यटकीय सडक वडा नं २ | २० | २०००००० | ४१९००००० | ५७१६३१३५ | ५७१६३१३५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२ | | सवारी साधन खरीद | ८५ | ८५००००० | | | |
| ३३ | | मेशीनरी औजार खरीद | १६।५ | १६५०००० | | | |
| ३४ | | फर्निचर खरीद | १६।५ | १६५०००० | | | |
| ३५ | | गणेशधूरा खतेडा बभ्कोट सडक वडा नं २ | २० | २०००००० | | | |
| ३६ | | राजपानी घूडालेका खानेपानि आयोजना क्रमागत वडा नं६ | १० | १०००००० | | | |
| ३७ | | टोटरी खानेपानी आयोजना सिमतोला क्रमागत वडा नं ३ | ७ | ७००००० | | | |
| ३८ | | फल्याट खानेपानी आयोजना क्रमागत वडा नं २ | १३ | १३००००० | | | |
| ३९ | | खानेपानी मर्मत तथा सूधार | २ | २००००० | | | |
| ४० | | भद्रपूर बृहत खानेपानी मर्मत वडा नं ३ | २ | २००००० | | | |
| ४१ | | देवल साना सिचाइ योजना गोलापूर समैजी वडा नं १ | ५ | ५००००० | | | |
| ४२ | | गोला कूडी सिचाइ मर्मत वडा नं २ | ५ | ५००००० | | | |
| ४३ | | टाक सिचाइ कूलो हूरा वडा नं ४ | ४ | ४००००० | | | |
| ४४ | | सेरा सिचाइ कूलो मर्मत वडा नं ४ | १ | १००००० | | | |
| ४५ | | घट्टेगाड सिचाइ योजना गूनपाल वडा नं ३ | ५ | ५००००० | | | |
| ४६ | | तल्लो जेवल खाड कूलो मर्मत वडा नं५ | १ | १००००० | | | |
| ४७ | | सतडा देखी झिगनीघाट खेत कूलो मर्मत वडा नं ५ | १ | १००००० | | | |
| ४८ | | पन्तेउडा पाइप सिचाइ योजना वडा नं ५ | ३ | ३००००० | | | |
| ४९ | | डडीया सिचाइ सेलापोखरी निर्माण वडा नं ६ | ५ | ५००००० | | | |
| ५० | | गा.पा.भवन निर्माण | ५२ | ५२००००० | | | |
| ५१ | | चिपूर धारी भूलकूडा दानखोला सडक वडा नं ४ | १० | १०००००० | | | |
| ५२ | | पिलायल हलजेर तलडा ढिटेकूडा खोपा योजना वडा नं ५ | ६ | ६००००० | | | |
| ५३ | | देवल जयपूर कोराघर गूवाडी सडक वडा नं ५ | १२ | १२००००० | | | |
| ५४ | | डागेश्वरी खानेपानी मर्मत तथा सूधार कानाकोट वडा नं६ | १८ | १८००००० | | | |
| ५५ | | वगरकोट डूमरी सेरागाड देवल राजूल सडक वडा नं ५ र ६ | १० | १०००००० | | | |
| ५६ | | अनारखोली देवल | १२ | १२००००० | | | |
| ५७ | | पातिहाल्ने चिपूर सडक वडा नं ४ | १० | १०००००० | | | |
| ५८ | | RMG कार्यक्रम | २ | २००००० | | | |
| ५९ | | गाउापालिका कार्यालय घेरबार तथा सेवाग्राही विस्राम स्थल | ५ | ५००००० | | | |
| ६० | | पूजीगत सूधार तथा परमर्श | ५ | ५००००० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६१ | वातावरण विकास २.९ | विपत व्यवस्थापन कोष | ५ | ५००००० | | | |
| ६२ | | बन संरक्षण र वातावरण संरक्षण र सरसफाइ | २२ | २२००००० | २७००००० | ३६१७५३२ | ३६१७५३२ |
| ६३ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन ५.८ प्रतिशत | कर्मचारी कल्याण कोष | २ | २००००० | | | |
| ६४ | | रेडीयो कार्यक्रम | ३ | ३००००० | | | |
| ६५ | | गाउपालिका प्रोफाइल निर्माण | १० | १०००००० | | | |
| ६६ | | गाउपालीका अध्यक्ष्य राहत कोष | १ | १००००० | | | |
| ६७ | | गूरुयोजना निर्माण | १० | १०००००० | | | |
| ६८ | | सार्वजनीक सूनूवाइ | ३ | ३००००० | | | |
| ६९ | | जनता संग अजयमेरु सरकार कार्यक्रम | ३ | ३००००० | | | |
| ७० | | दिवस समारोह | २ | २००००० | | | |
| ७१ | | सूरक्षा प्रवद्धन | ०।५ | ५०००० | | | |
| ७२ | | मानव संसाधन विकास तालिम | १० | १०००००० | | | |
| ७३ | | अवलोकन भ्रमण | ५ | ५००००० | | | |
| ७४ | | प्रवर्द्धनात्मक कार्यक्रम सबै क्षेत्र | ६ | ६००००० | | | |
| ७५ | | गाउपालिका केन्द्र वजार ब्यवस्थपान | १० | १०००००० | | | |
| ७६ | | पत्रकार माहासंघ भवन निर्माण अनूदान | १ | १००००० | | | |
| ७७ | | भिमदत्त बहूमूखी भवन निर्माण अनूदान | १ | १००००० | | | |
| ७८ | | पन्जिकरण ब्यवस्थापन | ४ | ४००००० | ७१५०००० | ७१५०००० | ७१५०००० |
| | | | ९३७ | ९३७००००० | ९३७००००० | १२३७४७३३३ | १२३७४७३३३ |

| | | |
|---|---|---|
| ग्रामीण जलस्रोत ब्यवस्थापन परियोजना | | १५०८०९२९ |
| बहू क्षेत्रिय पोषण कार्यक्रम | | ११२६००० |

अन्त्यमा,

यस बजेटको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा बिस्तार हुने, नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचक हरु(शिक्षा,स्वास्थ्य , भौतिक पुर्वाधार, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका निति र दिगो विकासका लक्ष्य तथा चौधौ त्रिवर्षिय योजनाको लक्ष्य प्राप्तीमा महत्वपूर्ण भुमिका निवार्ह गर्ने अपेक्षा गरेको छु ।

प्रस्तुत बजेट तजुर्मामा मार्ग दर्शन गर्नुहुने यस गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्ष ज्यु वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु,गाउँ सभाका सदस्यज्यूहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितीका सदस्यज्यूहरु,बजेट छलफलका क्रममा आ आफ्नो क्षेत्रबाट सुझाब तथा सहयोग गर्नुहुने कर्मचारीहरु, नीजी क्षेत्रका संगठनहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज तथा सामुदायिक संस्था, सामाजिक संगठनहरु पत्रकार

र सम्पुर्ण नागरिकहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेटको कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

धन्यबाद

अध्यक्ष
उमेश प्रसाद भट्ट
अजयमेरु गाउँपालिका